# कागेश्वरी मनोहरा नगरपालिका

## कागेश्वरी मनोहरा नगर अस्पताल

## मुलपानी, काठमाण्डौ

## चमेना गृह संचालन गर्ने सम्वन्धी

### बोलपत्र

बोलपत्र नं. *MulpaniHospitalCanteen*/NCB /01/081-82

बोलपत्र दाताको नाम :-.......................................................

ठेगाना :-. .......................................................

फोन नं. :-.......................................................

**E-Mail ID.** :-.......................................................

बोलपत्र दाताको सही :-.......................................................

मिति :-.......................................................

फर्मको छाप :-.......................................................



श्री कागेश्वरी मनोहरा नगरपालिका,

कागेश्वरी मनोहरा नगरपालिका, मुलपानी नगर अस्पताल,काठमाडौ ।

विषयः चमेना गृह संचालन गर्ने सम्वन्धी बोलपत्र मा भाग लिने वारे ।

महोदय,

मैले/हामीले त्यस कार्यालयबाट माग भएको चमेना गृह संचालन सम्बन्धी बोलपत्र मा उल्लेख भएको शर्तहरु राम्रोसंग अध्ययन गरी म / हामी तल सहिछाप गर्नेले (उल्लेखित दररेटमा) उक्त सेवा प्रदान गर्न मन्जुरी जनाई बोलपत्र पेश गरेको छु / छौं ।

(१) बोलपत्र मा उल्लेखित शर्तहरुको अधिनमा रही यस बोलपत्र संग सम्वन्धित सम्पूर्ण शर्तहरु पुरा गर्नेछु/छौं ।

(२) कारण जनाई वा नजनाई आंशिक वा पुरा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कागेश्वरी मनोहरा नगरपालिकाको त्यस कार्यालयमा निहित रहेकोमा म / हामीलाई मंजुरी छ ।

(३) यस बोलपत्र मा उल्लेखित शर्तहरुमा कुनै किसिमको फरक पर्ने भएमा म/हामी जिम्मेवार हुने छ/छौं ।

बोलपत्र दाताको फर्मको नाम :.......................................................

बोलपत्र दाताको फर्मको दर्ता नं. : .......................................................

फर्म दर्ता गर्ने निकाय : .......................................................

मू.अ.क / प्यान नं. .......................................................

प्रोपराइटरको नाम : .......................................................

ठेगाना : .......................................................

पत्राचारको ठेगाना : .......................................................

फ्याक्स.......................................................

फोन नं. .......................................................

इमेल ठेगाना. .......................................................

सही : .......................................................

फर्मको छाप : .......................................................

मिति : .......................................................

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

# कागेश्वरी मनोहरा नगरपालिका

## कागेश्वरी मनोहरा  नगरअस्पताल

## मुलपानी काठमाण्डौ ।

### चमेना गृह संचालन गर्ने सम्वन्धी बोलपत्र आव्हानको सूचना

भाग -१

**(१) बोलपत्र  सम्बन्धी सूचना :**

(प्रथम पटक प्रकाशित मिति २०८१/११/१९ गते)

१.१) बोलपत्र  फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp वाट डाउनलोड गर्न सकिनेछ । उल्लेखित बोलपत्र  फाराम दस्तुर कागेश्वरी मनोहरा नगरपालिका, केन्द्रीय भुक्तानी महाशाखाको नाममा रहेको एन.आई.सी एसिया बैंक लि. थली स्थित खाता नं ०१८२०५००२९५४५००२ मा रु.३,०००/००(पछि फिर्ता नहुने गरी) नगद दाखिला गरेको बैंक भौचरको Scanned Copy दाखिला गर्नु पर्नेछ।

१.२) बोलपत्र  फाराम मिति २०८१/१२/२० गते दिउँसो १२:०० बजे भित्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मा अपलोड (दर्ता) गर्नु पर्नेछ । रितपूर्वक दर्ता भएका बोलपत्र हरु सोही दिन दिनको २:०० बजे (सो दिन सार्वजिनक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) सम्बन्धित बोलपत्र दाताहरुको रोहवरमा ( उपस्थित नभए पनि खोलिने) कागेश्वरी मनोहरा नगरपालिका, कागेश्वरी मनोहरा नगर अस्पताल, मूलपानी, काठमाडौंमा खोलिनेछ।

१.३) बोलपत्र  फारामसाथ बोलपत्र  जमानत (विडवण्ड) वापत रु. ५०,०००/- (पचास हजार रुपैंया  मात्र) कागेश्वरी मनोहरा नगरपालिका, को नाममा रहेको एन.आई.सी एसिया बैङ्क थली स्थित खाता नं -18CA051127352401 (Kageshwori Manohara Nagarpalika Dharauti Khata) मा जम्मा गरेको बैंक भौचरको प्रति वा सो बराबरको नेपाल स्थित कुनै वाणिज्य बैंकबाट बोलपत्र आव्हान गर्ने कार्यालयको नाममा जारी भएको बोलपत्र  खोल्ने मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको विना शर्तको बैंक जमानीपत्रको Scanned Copy अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ। छनौट भएको बोलपत्र दाताले सम्झौता गर्न आउँदा धरौटी रकम वापत ५ (पाँच) महिनामा हुने भाडा बराबरको रकम रु.१,६५,५००।०० (अक्षेरुपी-एक लाख पैंसठ्ठी हजार पाँच सय रुपैंया मात्र) यस कार्यालयको एन.आइ.सि. एसिया बैंक, थली शाखामा रहेको धरौटी खाता नं. 18CA051127352401 (Kageshwori Manohara Nagarpalika Dharauti Khata) मा जम्मा गर्नुपर्ने। धरौटी रकम सम्झौता अवधी समापन भएपश्चात फुकुवा गरिनेछ। चमेनागृह सञ्चालनको वखत अनुगमन समितिले अनुगमन गर्दा चमेनागृह सञ्चालनकर्ताले कुनै वेमनासिव कार्य गरेको प्रमाणीत भएमा सो धरौटी रकम जफत गरी सम्झौताको अन्त्य गरिनेछ।

१.४) बोलपत्र दाताले कबोल गरेको इकाई दररेट तथा कूल रकम, अंक र अक्षरमा प्रष्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ । दररेटमा उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेट अनुसार हुने कुल रकम कायम गरिनेछ ।

१.५) आधिकारिक व्यक्तिको Power of Attorney र निजको Signature Specimen बोलपत्र  साथ अलग पृष्ठमा उल्लेख गरी संलग्न गर्नु पर्नेछ ।

१.६) बोलपत्र  फारम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार कागेश्वरी मनोहरा नगरपालिकामा सुरक्षित रहनेछ ।

१.७) अन्य शर्तहरु बोलपत्र  फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१.८) बोलपत्र  सम्बन्धि अन्य जानकारीको लागि कार्यालय समय भित्र तल उल्लेखित कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

१.९) चमेनागृह (क्यान्टीन) सञ्चालन सम्झौता अवधी बि.सं. २०८६ श्रावण मसान्तसम्म ५ (पाँच) बर्षका लागि गरिनेछ। प्रत्येक वर्षमा अघिल्लो वर्षको भाडादरलाई आधार मानी १० प्रतिशतका दरले चमेनागृह भाडादर वृद्धि हुनेछ।

१.१०) सूचनामा उल्लेख नभएको कुराहरुको हकमा  नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

| बोलपत्र नं. | विवरण | बोलपत्र फारम(BOQ) दस्तुर | बोलपत्र जमानत रकम | पेश गर्ने अन्तिम मिति र समय | फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| *Mulpani Hospital Canteen/* NCB /01/081-82 | चमेनागृह (Canteen) संचालन | रु.३००० ।०० Nic Asia Bank Limited Thali, Kathmandu Account No.: 0182050029545002 (Kageshwori Manohara Nagarpalika Antarik Rajaswo Khata) मा जम्मा गर्नुपर्ने | रु.५०,००० ।०० (अक्षेरुपी पचास हजार रुपैंया। Nic Asia Bank Limited Thali, Kathman du Account No.: 18CA0511273524 01 (Kageshwori Manohara Nagarpalika Dharauti Khata) . मा जम्मा गर्नुपर्ने | मिति- २०८१।१२ ।२० दिनको १२:०० बजे | मिति- २०८१।१२ ।२० दिनको २:०० बजे (सार्वजनिक बिदा भए भोलिपल्ट) |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढुंगी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

**(२) बोलपत्र को आधार :**

बोलपत्र को सबै भाषाहरु नेपालीमा हुने छन् । प्रस्तुत बोलपत्र दिने वारेमा निर्देशन तथा शर्तहरु निम्न कागजातहरु अनुसार कार्यान्वित गरिने छन् ।

• बोलपत्र प्रस्ताव फारम |

• बोलपत्र सम्बन्धी शर्तहरु ।

• परिमाणको मूल्य पत्र |

• बोलपत्र सम्बन्धी विषयहरु ।

**(३) बोलपत्र को तयारी :**

३.१) बोलपत्र दाखिला गर्नु अघि बोलपत्र मा उल्लेखित शर्तहरु, परिमाण र कार्य क्षेत्रको अध्ययन गरी बोलपत्र भरी दाखिला गर्नु पर्नेछ । बोलपत्र मा उल्लेखित कुराहरु वा शब्दहरुको अर्थ स्पष्ट नभएमा कागेश्वरी मनोहरा नगरअस्पताल मुलपानी अस्पतालमा समय भित्र सम्पर्क राखी वुझ्न सकिनेछ ।

३.२) बोलपत्र दाताले आफूले कबुल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाउने छैन । सो सम्बन्धमा छुट्टै सर्त सहितको प्रस्ताव पेश गरेमा मान्य हुने छैन ।

३.३) बोलपत्र दाताले आफूले कवुल गरेको रकम अंक तथा अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

३.४) बोलपत्र दाताले एकाई दर र सम्पूर्ण कार्यको परिमाण स्पष्ट उल्लेख गरी कवोल रकम पेश गर्नु पर्नेछ।

३.५) बोलपत्र तयार गर्दा लागेको सम्पूर्ण खर्च बोलपत्र दाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

**(४) बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु :**

क) संस्था/कम्पनी/ फर्म दर्ता प्रमाणपत्र

ख) मूल्य परिमाणको इकाई दररेट,

ग) बोलपत्र मा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको Power of Attorney र निजको Signature Specimen को आधिकारिक पत्र ।

घ) संस्था/कम्पनी/फर्मको आयकर दर्ताको स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र ।

ङ) आर्थिक वर्ष २०८०/८१ को कर चुक्ता भएको वा म्याद थप भएको कागजात

च) बोलपत्र दाता कम्पनी वा संचालक तथा प्रमुख वा व्यवस्थापकहरु कहीं कतै कुनै कारणले कालो सूचीमा नपरेको स्व घोषणा गरेको पत्र ।

ज) बोलपत्र दाताले प्रतिनिधि तोकेको भए सोको अख्तियारनामाको सक्कल पत्र ।

ञ) कम्तीमा दुई जना कामदारको मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको कुक र वेटरको तालिम प्राप्त गरेको प्रमाणपत्र ।

**(५) स्थलगत निरीक्षण :**

६.१) बोलपत्र दाताले बोलपत्र दाखिला गर्नु अघि आफुले प्रदान गर्नु पर्ने सेवाको लागि क्षेत्र, भवनहरु र आवश्यक उपलब्ध सामानहरु कार्यालय समय भित्र निरीक्षण गर्न सक्ने छन् ।

६.२) बोलपत्र पेश गर्नु अघि बोलपत्र दाताले उल्लेखित सबै गर्नु पर्ने कार्य तथा स्थानहरुको निरीक्षण गरिसकेको मानिने छ । पछि बोलपत्र दाताले यस सम्वन्धमा कुनै किसिमको अनभिज्ञता प्रकट गर्न पाउने छैन

**(६) बोलपत्र को मूल्यांकन प्रकिया :**

७.१) बोलपत्र हरुको मूल्यांकन गर्दा बोलपत्र को मूल्यपत्र तालिकामा चमेना तथा भोजनको परिकारमा बोलपत्र दाताले पेश गरेको दररेट अनुसार कबोल गरेको कुल रकमको मागको आधारमा सवै भन्दा घटी कबोल गर्ने बोलपत्र को छनौट गरिने छ । तर बोलपत्र दाताले पेश गरेको दर रेटको आधारमा आंशिक रुपमा बोलपत्र स्वीकृत हुने छैन ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोठाटार, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

७.२) विभिन्न मेनुको परिमाणहरु वार्षिक रुपमा हुन सक्ने संभावित विक्रिको आधारमा ( मूल्यपत्र तालिकामा उल्लेखित परिकारहरु ) तय गरिएका छन् र त्यस विक्रिको परिमाणलाई बोलपत्र हरुको मूल्याङ्कन प्रयोजनको आधार बनाईएको छ । उक्त बार्षिक विक्री परिमाणमा घटी / बढी भएमा पनि मूल्यमा कुनै परिवर्तन गर्न पाईने छैन र साथै उक्त कारणबाट हुन जाने कुनै प्रकारको हानी नोक्सानीको दावी गर्न सम्बन्धित बोलपत्र दाताले पाउने छैन ।

७.३) सारभूत रुपमा प्रभावग्राही (Responsive) न्युनतम रकम कबोल गर्ने व्यक्ति वा फर्मको बोलपत्र स्वीकृत गरिनेछ।

७.४) बोलपत्र मूल्यांकन गर्दा निम्न लिखित कुराहरुमा ध्यान दिईने छ।

क) सम्बन्धित काममा अनुभव र माग अनुसार योग्यता भए/नभएको ।

ख) खानाको परिकारको प्रत्येक आइटमको दररेट भरी पेश गरे/नगरेको ।

**(७) बोलपत्र अस्वीकृत हुने अवस्था :**

निम्न अवस्थाहरुमा बोलपत्र अस्वीकृत भएको मानिने छन् ।

क) बोलपत्र दाताले सम्वन्धित निकायमा दर्ता गरेको फर्म, दर्ता प्रमाण पत्र र नविकरणको प्रतिलिपि र अन्य आवश्यक कागजातहरु पेश नगरेमा ।

ख) बोलपत्र फारम र सोमा रहेको परिमाण मूल्य पत्रमा बोलपत्र दाताको सही र छाप नभएमा ।

ग) माग गरिएको शर्त र रितपूर्वकको बोलपत्र नभएमा ।

घ) बोलपत्र को प्रत्येक आइटमको दररेट भरी नआएमा ( खाली आएमा ) ।

ङ) बोलपत्र दाताद्वारा पेश भएको Bid Bond वापतको रकम तोकिए भन्दा कम भएमा वा सोको तोकिएको मान्य अवधि नभएमा ।

च) सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएमा ।

छ) कागेश्वरी मनोहरा नगरपालिकाको बैतनिक कर्मचारी र सञ्चालक समावेश भएको पाईएमा।

ज) बोलपत्र दाताले पेश गरेको कवोल अंक लागत अनुमान भन्दा सारभूत रुपमा वढी भएमा ।

(झ) माग गरेको सेवा नगरअस्पताललाई तत्काल आवश्यक नभएमा ।

**(८) अभिप्राय पत्र (लेटर अफ इन्टेन्ट) :**

बोलपत्र मुल्यांकन समितिवाट छनौंटको लागि सिफारिस भै आएको बोलपत्र दातालाई नियमानुसार निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिईनेछ । प्रकाशित सूचनाको म्याद पश्चात सो बोलपत्र दाताको बोलपत्र स्वीकृत गरी निजलाइ १५ (पन्ध्र) दिन भित्र तोकिएको कार्यसम्पादन जमानत (परफमेन्स ग्यारेन्टी) सहित कार्यालयमा खरिद सम्झौता गर्न आउनको लागि सूचना दिईनेछ ।

**(०९) सम्झौता गर्न आउने :**

सूचना प्राप्त गर्ने बोलपत्र दाताले सूचनामा तोकिएको म्याद भित्र कार्यसम्पादन जमानत (परफमेन्स ग्यारेन्टी) पेश गरी खरिद सम्झौता गर्नु पर्नेछ । तोकिएको अवधि भित्र खरिद सम्झौता गर्न नआउने बोलपत्र दाताको विड सेक्युरिटी रकम वा धरौटी रकम जफत गरी उक्त फर्मलाई कालो सूचीमा राखी निज पछिको क्रमानुसारको वोलकबोल अंक भएको बोलपत्र दातासंग खरिद सम्झौता गरिनेछ ।

**(१०) सम्झौताको अवधि :**

११.१) विशेष कारणले गर्दा कागेश्वरी मनोहरा नगरअस्पताललाई उपरोक्त सेवाको आवश्यकता नपरेमा वा चमेना गृह संचालकले सेवा/कार्य सन्तोषजनक गरेको नपाइएमा अनुगमन समितिको सिफारिशमा निजलाई तिन महिनाको अग्रिम जानकारी दिई सम्झौताको अवधि समाप्त गरिनेछ ।

**(११) सन्तोषजनक कार्य नगरेमा हुने कारवाही, सम्झौता तोड्ने र असुल उपर गर्ने :**

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोंठी, काठमाण्डौ
बागमती प्रदेश, नेपाल
२०७३

१२.१) सम्झौतामा तोकिए अनुसार बोलपत्र दाताले संतोषजनक ढंगवाट कार्य नगरेमा अनुगमन समितिको सिफारिशमा कागेश्वरी मनोहरा नगरअस्पतालले सम्वन्धित बोलपत्र दातालाई तोकिए बमोजिम कार्य गर्नको निमित्त लिखित/मौखिक रुपमा जानकारी गराउनेछ ।

१२.२) यसरी जानकारी गराउँदा पनि बोलपत्र दाताले अटेर गरी तोकिएको समय भित्र संतोषजनक कार्य सम्पादन नगरेमा अनुगमन समितिको सिफारिशमा नगरअस्पतालको सिफारिसमा नगरपालिकाले निजसंगको सम्झौता तोडी सो कार्य अन्य प्रकृयाद्वारा व्यवस्थापन गराईनेछ ।

१२.३) बोलपत्र दाताले जानी जानी वा लापरवाहीको कारणबाट कागेश्वरी मनोहरा नगरअस्पतालको कुनै सम्पति, सरसामान आदिको हानीनोक्सानी भएमा/ गराएमा सोको क्षतिपूर्ती वापतको रकम बोलपत्र दाताले कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौ लाई असुल उपर गराउनु पर्नेछ ।

१२.४) कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौलाई असुल उपर गराउनु पर्ने रकम तोकिएको समय भित्र बोलपत्र दाताले नबुझाएमा निजले राखेको Performance Bond वापतको धरौटी रकमबाट कट्टा गरी असुल उपर गरिनेछ । सोबाट पनि नपुग हुन गएमा कम्पनी वा फर्मको जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१२.५) सम्झौता अनुसार बोलपत्र दाताले बुझाउनु पर्ने बिजुली, टेलिफोन तथा कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौले उपलब्ध गराएको अन्य सेवाहरु वापतको रकम समयमै सम्वन्धित निकायमा बुझाउनु पर्नेछ । तोकिएको समयमा नबुझाएको पाईएमा सोको विल रकम निजको धरौटी रकमबाट जरिवानासहित कट्टा गरी असुल उपर गरिनेछ।

१२.६) माथि जे सुकै कुरा लेखिएको भएता पनि बोलपत्र दाताले यस सम्झौता अनुरुप पालना गर्नु पर्ने कुनै एक दफा पनि उल्लंघन भएको कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौलाई महसुस भएमा बोलपत्र दातालाई सोको सूचना दिई विद्यमान सम्झौता रद्द गरिने छ । यस उपर निजको कुनै पनि उजुर बाजुर लाग्ने छैन ।

**(१३) भुक्तानीको तरीका :**

चमेना गृह संचालन गर्दा गर्नु पर्ने व्यवस्थापन तथा पाउने भुक्तानीमा लाग्ने सबै करहरु बोलपत्र दाता स्वयंले नै व्यहोर्नु पर्ने भएकोले यस्तो मूल्य बोलपत्र मा समावेश भएको मानिने छ । चमेना गृहको सञ्चालकले बिक्री गरेको सामानको मूल्य उपभोक्ता / ग्राहकहरुबाट नै असुल उपर गर्नु पर्नेछ । समय समयमा नियमानुसार लाग्ने कर सञ्चालक स्वयंले वुझाउनु पर्नेछ । नियमानुसार बुझाउनु पर्ने कर नबुझाएमा कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौले निजको Performance Bond को रकमबाट कट्टा गरी सम्वन्धित पक्षलाई भुक्तानी गरी निजलाई जानकारी मात्र दिइनेछ

**(१४) दुर्घटना र हानि नोक्सानीबाट वचावट :**

बोलपत्र दाताबाट जानी जानी वा अनजानमा अकस्मात कुनै किसिमको दुर्घटना हुन गएमा कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौले सो वापतको कुनै किसिमको क्षतिपूर्ती पनि निजलाई उपलब्ध गराउने छैन ।

**(१५) यससंग सम्वन्धित अन्य कानूनी कुरा :**

यस सम्बन्धमा कुनै पनि कानूनी कुरा उठ्न गएमा यस बोलपत्र मा उल्लेख भएको बुँदाहरुको हकमा सोहि अनुसार र उल्लेख नभएमा कागेश्वरी मनोहरा नगरपालिका र सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार तथा त्यसमा पनि उल्लेख नभएमा नेपाल सरकारको प्रचलित कानून वमोजिम हुनेछ ।

**(१६) सूचना पठाउने ठेगाना :**

प्रस्तुत बोलपत्र  कागजातको विभिन्न ठाउँमा बोलपत्र दाताको नाम ठेगाना उल्लेख गर्न भनिएको छ । सो स्थानमा उल्लेख गरिएको ठेगानालाई नै पत्राचारको आधिकारिक ठेगाना मानिने छ । उक्त ठेगानामा पठाईएको इमेल, रजिष्ट्री वा डाँकद्वारा पठाइएको पत्रहरु निजकहाँ समयमै पुगेको मानिने छ ।

**(१७) विवादको समाधान :**

चमेना गृह संचालनको सिलसिलामा दुवै पक्षवीच कुनै विवाद श्रृजना हुन गएमा संचालकको उपस्थितिमा कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौ र कागेश्वरी मनोहरा नगरपालिकाको निर्णय अन्तिम हुनेछ । कागेश्वरी मनोहरा नगरअस्पताल र नगरपालिकाको निर्णय चित्त नवुझेमा प्रचलित कानून बमोजिम हुनेछ ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाण्डौ
बागमती प्रदेश, नेपाल
२०७३

# कागेश्वरी मनोहरा नगरपालिका

कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी,, काठमाण्डौं ।

भाग २

**<u>चमेना तथा भोजन गृह सञ्चालन गर्ने सम्झौताका मुख्य शर्तहरु :</u>**

**(१) चमेना तथा भोजन गृहमा दिनुपर्ने सेवाहरु :**

क) चमेना गृह संचालकले सम्झौता पत्रमा उल्लेखित संलग्न लिस्ट अनुसारका परिकारहरु मध्ये कर्मचारीहरुद्वारा माग गरे बमोजिम तातो, सफा तथा स्वस्थ खाना र चिसो पेय पदार्थ उपलब्ध गराउनु पर्नेछ ।

ख) सम्झौतामा उल्लेखित खाद्य परिकारहरु राम्रोसंग व्यवस्था मिलाई उपलब्ध गराउनु पर्नेछ । उपलब्ध गराउने परिकारहरु स्वादिष्ट, ताजा र स्वास्थ्यकर हुनु पर्नेछ ।

ग) सम्झौतामा उल्लेख गरिएका सबै परिकारहरु चमेना गृहमा राख्नु पर्नेछ। चमेना गृहमा आउने पाहुनाहरुले माग गरे पछि त्यस्ता परिकारहरु उपलब्ध गराउने जिम्मेवारी सञ्चालकको हुनेछ ।

घ) सञ्चालकले सम्झौता पत्रमा उल्लेखित संलग्न लिस्ट अनुसारका दैनिक नियमित रुपमा राखिने खाना/खाजाका परिकारहरु र प्रत्येक दिनको विशेष खाना / खाजाको परिकारहरु अनुगमन समितिसंग समन्वय गरी प्रत्येक आइटमको दररेट प्रष्ट सबैले देखिने गरी मूल्य सूची सहित राख्नु पर्नेछ ।

ङ) कामदारले लगाउने लुगा / एप्रोन सफा हुनु पर्दछ ।

च) खाना तथा खाजा उपलब्ध गराउने कामदारले अनिवार्य रुपमा सफा पञ्जा (Hand Glove) लगाएको हुनु पर्दछ ।

**(२) बिजुली :**

क) माथी उल्लेखित चमेना तथा भोजन गृहमा प्रयोग हुने विद्युतीय उपकरणहरुमा खपत हुने विद्युतको लागि कागेश्वरी मनोहरा नगरअस्पतालले सब - मिटर जडान गरी दिनेछ ।

ख) चमेना तथा भोजन गृहमा प्रयोग हुने सबै उपकरणहरुमा उपयोग हुने विद्युतको खपत सब-मिटरले देखाएको अंकको आधारमा कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौंको प्रचलित विद्युत महशुल संकलन विनियमावली अनुसार चमेना गृह सञ्चालकले कागेश्वरी मनोहरा नगरअस्पताललाई मासिक रुपमा अनिवार्य रुपले महशुल बुझाउनु पर्नेछ ।

ग) विद्युत महशुल सम्वन्धमा कागेश्वरी मनोहरा नगरअस्पतालले हरेक महिनाको मसान्तमा सब - मिटर रिडिङ गरी विल उपलब्ध गराउनेछ । यसरी कागेश्वरी मनोहरा नगरअस्पतालबाट महशुलको विल प्राप्त भए पछि लाग्ने रकम प्रत्येक महिना सञ्चालकले कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौंलाई बुझाउनु पर्नेछ ।

घ) चमेना गृहमा खाना / खाजा पकाउने काम विद्युतीय उपकरण (इन्डक्सन, इन्फ्रारेड, राईस कुकर, पानी उमाल्ने हटपट, आदि) तथा एलपी ग्याँस र कोईलाबाट गर्नुपर्नेछ । विद्युत तथा ग्याँस आपूर्ति नभएको अवस्थामा भने अन्य वैकल्पिक साधनवाट परिकारहरु पकाउन सकिने गरी संचालकले व्यवस्था मिलाउनु पर्नेछ ।

**(३) कागेश्वरी मनोहरा नगरपालिका, नगरअस्पताल मुलपानी,, काठमाण्डौंले उपलब्ध गराउने सुविधाहरु :**

**क) पानी :-**

पानीको सदुपयोग र किफायती हुने किसिमले पानीको प्रयोग गर्नु सञ्चालकको कर्तव्य हुनेछ । भाँडा, वर्तन र भुई सफा गर्ने कार्यको लागि चमेनागृह संचालकले ब्यबस्था गर्नुपर्नेछ र चमेना गृहमा प्रयोग हुने चिसो तथा तातो स्वस्थकर पिउने पानी तथा खाना / तरकारी सफा गर्नको लागि जारको पानी तथा मिनरल पानी वा सरकारी निकायबाट खान योग्य भनि वितरण भएको पानी प्रयोग गर्नु पर्नेछ । सो पानीको व्यवस्था चमेना गृह संचालकले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

**ख) सामानहरु :-**

कागेश्वरी मनोहरा नगरपालिका, नगरअस्पताल मुलपानी,, काठमाण्डौंले चमेना गृह सञ्चालकलाई संलग्न अनुसूचि १ मा उल्लेख भए अनुसारका सामानहरु (पछि फिर्ता गर्ने गरी) निःशुल्क प्रयोग गर्नको लागि उपलब्ध गराउनेछ । सो सामानहरुको संरक्षण र टुटफुट हुनबाट जोगाउनु संचालकको कर्तव्य हुनेछ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

ग) स्थान :-

कागेश्वरी मनोहरा नगरपालिका, नगरअस्पताल मुलपानी,, काठमाण्डौंले आवश्यक ठानेको स्थानमा चमेना गृह संचालन गर्नको लागि मासिक रु.३३,१००।०० (अक्षेरुपी-तेत्तीस हजार एक सय रुपैंया मात्र) निश्चित गरिएको छ। सम्झौतापत्र मा उल्लेखित चमेनागृह भाडा अग्रीम रुपमा चमेनागृह संचालकले तिर्नेगरि स्थान उपलब्ध गराउने छ । प्रत्येक दुई वर्षमा अघिल्लो वर्षको भाडादरलाई आधार मानी १० प्रतिशतका दरले चमेनागृह भाडादर वृद्धि हुनेछ। सो स्थानलाई सफा र आकर्षक बनाउनु संचालकको कर्तव्य हुनेछ ।

**(४) सरसफाई तथा गुणस्तर :**

क) सञ्चालकले चमेना तथा भोजन गृहमा रहेका सम्पूर्ण सामान, उपकरणहरुको साथै भुँई, भित्ता, वास वेसिन, झ्याल, ढोका तथा चमेना गृह वरिपरी पनि सरसफाई गरी स्वच्छ, सफा, सुन्दर र आकर्षक वातावरणमा राखु पर्नेछ । साथै डाईनिङ टेबुल सजाउने तथा ठाउँ ठाउँमा Indoor Plants समेत राखी डाईनिङ हललाई सँदा सफा र आकर्षक बनाई राखु पर्नेछ ।

ख) चमेना तथा भोजन गृहबाट निस्केका फोहरहरुलाई दुर्घन्ध नफैलिने तरिकाबाट व्यवस्थापन गर्नु पर्नेछ। यसको लागि बिर्को भएको ड्रमको व्यवस्था गरी फोहोर जम्मा गर्ने र हरेक दिन साँझ कार्यालय समय पछि उक्त फोहोरहरुलाई कार्यालयले तोकि दिएको निर्दिष्ट स्थानमा सड्ने (गल्ने), नसड्ने (नगल्ने, प्लाष्टिक आदि), सिसा र मेटल आदि बेग्ला बेग्लै ड्रममा फोहोरलाई राखी महानगरपालीकाको फोहोर व्यवस्थापन मापदण्ड अनुसार सोको व्यवस्थापन स्वयं संचालकले नै गर्नु पर्नेछ । यस सम्वन्धमा लाग्ने सम्पूर्ण शुल्क स्वयं संचालकले नै व्यहोर्नु पर्नेछ ।

ग) चमेना तथा भोजन गृहमा कुनै कामदार / संचालकले रात्री विश्राम गर्न पाउने छैन।

**(५) मर्मत सम्भार :**

क) चमेना तथा भोजन गृहमा रहे / भएका विजुली, धारा तथा अनुसूचि १ मा उल्लेखित सामानहरुको प्राप्ती पश्चात सोको आवश्यक संरक्षण तथा मर्मत सम्भार सञ्चालक स्वंयले आफ्नै खर्चमा गर्नु पर्ने छ । साथै सम्झौता अवधि समाप्त भई वा सम्झौता तोडिएको अवस्थामा चमेना गृह छोड्दा वा छोडाउँदा आफूले बुझी लिएका उक्त सामानहरु साविक वमोजिम कै हालतमा फिर्ता बुझाउनु पर्नेछ । अन्यथा सञ्चालकले राखेको धरौटी रकमबाट सोको आवश्यक मर्मत संभार कार्य गराई मर्मत संभार वापतको रकम निजको धरौटि रकमवाट कट्टा गरिनेछ ।

ख) सञ्चालकले प्रयोग गरेको कुनै सामान मर्मत संभार गर्नको लागि कार्यालय वाहिर लानु परेमा गेटपास लिई लानु पर्ने र फिर्ता ल्याएको जानकारी समेत सम्वन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

ग) चमेना गृहको सफाई, आकर्षक सजावट, किचन व्यवस्थापन तथा अन्य आवश्यक सामान चमेना गृह संचालक स्वयंले व्यवस्था गर्नु पर्नेछ र निजले राखेको सामानको स्वामित्व संचालक कै हुनेछ।

**(६) चमेना गृह खोल्ने समय :**

क) सञ्चालकले कार्यालय समय भित्र र कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौलाई आवश्यक परेमा सो समय अघि पछि पनि चमेना गृह संचालन गर्नु पर्नेछ ।

ख) चमेना तथा भोजन गृह खुल्ने समय सामान्यतया आबश्यकताबमोजिम २४ सै घन्टा कायम रहेन छ । तर दुवै पक्षको सहमतिमा चमेना गृह खोल्ने समय तोकिएको भन्दा अघि पछी पनि गर्न सकिने छ ।

**(७) जाँच गर्न सक्ने :**

क) सञ्चालकले उपलब्ध गराउने खाद्य परिकारहरु तथा पेय पदार्थहरुको गुणस्तर निर्धारणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा कागेश्वरी मनोहरा नगरअस्पतालले आवश्यक्ता अनुसार परीक्षण गर्न/गराउन सक्नेछ र यसको लागि सञ्चालकले परिकारहरु उपलब्ध गराई दिने कार्यमा सहजिकरण गरी दिनु पर्नेछ ।

ख) चमेना गृह भित्रका खाद्य पदार्थहरु, पकाईएका परिकार तथा पकाउनका लागि ल्याईएका सामानहरु सफा, ताजा र स्वस्थकर भए/नभएको तथा चमेना गृह परिसरको सरसफाई संतोषजनक भए/नभएको बारे कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौबाट गठित अनुगमन समितिले आवश्यक्ता अनुसार दैनिक वा आवधिक रुपमा अनुगमन गर्नेछ । यसरी गठन भएको अनुगमन समितिलाई अनुगमन गर्नको लागि सहयोग पुर्याउनु संचालकको कर्तव्य हुनेछ ।

ग) चमेना गृहमा प्रयोग हुने जारको पानीको प्राविधिक जाँच प्रत्येक ६/६ महिनामा मान्यता प्राप्त ल्यावबाट गराउनुपर्नेछ।

**(८) आफू खुशी मूल्य बढाउन नपाउने :**

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाण्डौ
बागमती प्रदेश, नेपाल
२०७३

क) खाद्य परिकार तथा पेय पदार्थको मूल्य सामान्यतः सम्झौता अवधि भर कायम रहनेछ । तर मूल्य वृद्धिको अवस्था श्रृजना भै कवोल गरेको रकममा तोकिए बमोजिमको परिकार दिन नसकिने भनी संचालकले निवेदन पेश गरेमा र कागेश्वरी मनोहरा नगरपालिका र नगरअस्पतालवाट गठित अनुगमन समितिले समेत सो सम्वन्धमा मनासिव देखिएको भनी सिफारिश गरेमा कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौको रोहवरमा अनुगमन समितिका सदस्यहरु र संचालकको संयुक्त बैठक बसी समायोजन गर्नु पर्ने देखिएको परिकारको मूल्य सूचीमा संशोधन गर्न सकिनेछ ।

ख) सम्झौतामा उल्लेख नभएका अन्य नयाँ परिकारहरुको मूल्य सम्वन्धमा स्थानीय प्रचलित बजार भाउलाई समेत ध्यानमा राखी अनुगमन समितिको सिफारिशमा कागेश्वरी मनोहरा नगरअस्पतालले नयाँ मूल्य कायम गर्न सक्नेछ। तर यस्तो समायोजन कावु वाहिरको परिस्थिति वाहेक वर्षको २ पटक भन्दा वढी गरिने छैन । स्वीकृत सम्झौताको दररेटमा भने सञ्चालकले आफु खुशी मूल्य बढाउन पाउने छैन।

ग) चमेनागृहको भाडा सम्झौता अवधिभर रु.५००००।०० अक्षेरुपी-पचास हजार रुपैंया कायम हुनेछ साथै बार्षिक रुपमा १० प्रतिशतको दरले आवश्यकताबमोजिम अनुगमन समितको सिफारिसमा थपघट हुन सक्नेछ ।

**(९) मेनुमा परिवर्तन :**

सम्झौतामा उल्लेखित परिकारहरु तथा ब्रेक फाष्ट, लञ्च र डिनरको मेनुमा परिवर्तन गर्नु परेमा दुवै पक्षको आपसी सम्झौताबाट मेनुलाई हेरफेर गर्न सकिनेछ । स्याउ, मेवा, तरबुजा / खरबुजा, केरा लगायत हुने मौसमी फलफूल मेनुमा समावेश भएको हुनु पर्नेछ ।

**(१०) सुरक्षा सम्वन्धी व्यवस्था :**

चमेना तथा भोजन गृहमा क्यान्टिन सञ्चालकले आफूले कागेश्वरी मनोहरा नगरपालिका,मुलपानी नगरअस्पताल, काठमाण्डौवाट बुझी लिएका सामानहरुको सुरक्षाको व्यवस्था आफूले नै गर्नु पर्नेछ । सञ्चालकले बुझि लिएका अनुसूचि १ मा उल्लेखित सामानहरु तथा निजको आफ्नै सामानहरुको सुरक्षा गर्ने जिम्मेवारी सञ्चालक स्वयंको हुनेछ । सञ्चालकले बुझि लिएका सामानहरु टुटफुट भएमा संचालकले आफ्नै खर्चबाट मर्मत गरी चालु अवस्थामा कागेश्वरी मनोहरा नगरअस्पताललाई बुझाउनु पर्नेछ । अन्यथा निजको धरौटी रकमबाट कट्टा गरी कागेश्वरी मनोहरा नगरअस्पतालले मर्मत गर्न सक्नेछ । साथै सञ्चालकले आफ्ना कामदारहरुलाई परिचय पत्र तथा नागरिकता उपलब्ध गराउनु पर्नेछ । त्यस्ता कामदार तथा कर्मचारीहरुको फोटो सहितको विवरण कागेश्वरी मनोहरा नगरअस्पतालमा सम्झौता भएको ७ (सात) दिन भित्र अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**(११) चमेना गृहको सरसफाई तथा खाद्य गुणस्तर सम्वन्धी व्यवस्था :**

चमेना गृह संचालन गर्दा संचालकले दैनिक रुपमा तपसिलमा उल्लेखित कार्य अनिवार्य रुपमा जिम्वेवारीपूर्वक निर्वाह गर्नु पर्नेछ ।

क) दैनिक रुपमा तयार गरिने खानाको परिकारमा नेपाल गुणस्तर मापदण्ड प्राप्त (Nepal Standard- NS Marks) तेल प्रयोग गर्नु पर्नेछ । तोकिएको तेल वजारमा उपलब्ध नभएमा अनुगमन समितिको निर्देशनमा अर्को NS Marks भएको खाने तेल प्रयोग गर्नको लागि स्वीकृती दिईनेछ।

ख) खानामा विभिन्न प्रकारको रंगको मिसावट गर्नु हुदैन । मिसावट गर्ने पर्ने भए खानायोग्य (Edible) रंगको मात्र प्रयोग गर्नु पर्नेछ ।

ग) खानामा अजिनो मोटो (Testy Food) को प्रयोग पूर्णरुपमा बन्देज गर्नु पर्नेछ ।

घ) दैनिक खानामा मौसमी र ताजा तरकारीको प्रयोग गर्नु पर्नेछ।

ङ) एक चोटि प्रयोग गरिएको तेल पुनः अर्को दिन प्रयोगमा ल्याउनको लागि संचित गरी राख्न पाईने छैन ।

च) सम्झौतामा उल्लेख गरिएको परिकारको परिमाण (Quantity) घटाउन पाईने छैन ।

छ) सलाद तथा तरकारीको वोक्रा खुर्केर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

ज) तरकारी पकाउनु भन्दा आधा घण्टा अगाडी त्यस्तो तरकारीलाई नून पानीको घोलमा पूर्णरुपले डुवाएर राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ज) समय समयमा खाद्य परिकारहरु तथा पेय पदार्थहरुको गुणस्तर निर्धारणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभागमा कागेश्वरी मनोहरा नगरअस्पतालले परीक्षण गर्न/गराउन सक्नेछ र यसको लागि सञ्चालकले परिकारहरु उपलब्ध गराई दिने कार्यमा सहजिकरण गरी दिनु पर्नेछ ।

**(१२) अनुगमन समितिको गठन :**

माथि विभिन्न बुँदाहरुमा उल्लेखित कार्यहरुको दैनिक अनुगमन, सल्लाह, सुझाव र निर्देशन दिई चमेना गृह संचालनमा प्रभावकारिता ल्याउनको लागि तपसिलमा उल्लेखित सदस्यहरु रहने गरी एक अनुगमन समितिको गठन गरिनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत-कागेश्वरी मनोहरा नगरपालिका | - संयोजक |
| ख) कार्यकारी अधिकृत-कागेश्वरी मनोहरा नगर अस्पताल | - सदस्य |
| (ग) मेडिकल सुपरिटेन्डेन्ट-कागेश्वरी मनोहरा नगर अस्पताल | - सदस्य |
| (ङ) खाद्य गुणस्तर सम्बन्धी विज्ञ प्रतिनिधि-तोकेको १ जना | - आमन्त्रित सदस्य |
| च) अस्पताल व्यबस्थापक -कागेश्वरी मनोहरा नगरअस्पताल | - सदस्य-सचिव |

उपर्युक्त अनुसार गठन भएको अनुगमन समितिले दैनिक रुपमा चमेना गृह संचालन, व्यवस्थापन र सेवा प्रवाहको सम्वन्धमा दैनिक अनुगमन गर्नेछ । मूल्य समायोजन भन्दा वाहेक दैनिक सुधार गर्नु पर्ने कुनै विषय भएमा अनुगमन समितिले तत्काल चमेना गृह संचालकलाई सुधार गर्नको लागि आदेश दिन सक्नेछ । सो आदेशको परिपालना गर्नु संचालकको कर्तव्य हुनेछ ।

**(१३) विविध :**

चमेना तथा भोजन गृहको सुधार तथा विकासको लागि कागेश्वरी मनोहरा नगरपालिकाले गठन गरेको अनुगमन समितिले समय समयमा दिएको निर्देशनको पालना गरी संतोषजनक सेवा उपलब्ध गराउनु सञ्चालकको कर्तव्य हुनेछ।

## सम्झौता पत्र

कागेश्वरी मनोहरा नगरपालिका, (यसपछि पहिलो पक्ष भनिएका) र........................ (यसपछि दोश्रो पक्ष भनिएको) बिच मिति............................................ मा निम्न लिखित साक्षीहरुको रोहवरमा यो सम्झौता सम्पन्न भयो ।

(१) सम्झौता अनुसार पहिलो पक्षले आफ्नो दरबारमार्ग स्थित कागेश्वरी मनोहरा नगरपालिकामा चमेना गृह संचालन सेवा प्राप्त गर्नका लागि बोलपत्र  आव्हान गरेकोमा दोश्रो पक्षबाट प्राप्त हुन आएको बोलपत्र लाई स्वीकार गरी संलग्न तालिकाहरुमा उल्लेखित दर रेट तथा रकम अनुसार उक्त कार्य सम्पन्न गराउन स्विकार गर्दछ ।

(२) बोलपत्र मा उल्लेख भएका सबै शर्तहरु तथा परिमाणहरुको मूल्यपत्र अनुसार कार्य गर्न गराउन दुवैले स्वीकार गरेका गर्दछन् ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| दस्तखत : | दस्तखत : |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालय : | कार्यालय : |
| साक्षीहरु | साक्षीहरु |
| १. | १. |
| २. | २. |

संलग्न :

दुवै पक्षबाट हस्ताक्षरित सम्झौताका शर्तहरु र मूल्यपत्र तालिका ।

अनुसूची - १

कागेश्वरी मनोहरा नगरअस्पताल मुलपानी, काठमाण्डौं चमेना गृहमा भएका सामानहरुको बिवरण ।

| क.सं | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | CC Tv Camera | गोटा | | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

अनुसूची-२

कागेश्वरी मनोहरा नगरपालिका

कागेश्वरी मनोहरा नगरअस्पताल मुलपानी, काठमाण्डौं

बोलपत्र नं. : : *MulpaniHospitalCanteen*/NCB /01/081-82

## क. कागेश्वरी मनोहरा नगरअस्पताल मुलपानी, काठमाण्डौं रहेको चमेना गृहमा राख्नु पर्ने खाना / खाजाका परिकारहरुको - मुल्यसुची

| सि.नं. | खाना, खाजा तथा अन्य खाद्य परिकार | इकाई | प्रति इकाई दररेट | | बार्षिक परिमाण(दैनिक रुपमा आउने लगभग ४०० विरामी र स्वास्थ्यकर्मी तथा स्टाफहरुलाई आधार मानि तयार गरिएको) | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | | | |
| 1 | Jhaulo (200 ML) | Per Plate | | | 5000 | | |
| 2 | Jhol Trakari (150gms) | Per Plate | | | 6000 | | |
| 3 | Aalu fry (150gms) | Per Plate | | | 5000 | | |
| 4 | Chana Fry(150gms) | Per Plate | | | 8000 | | |
| 5 | Kerau Fry (150gms) | Per Plate | | | 5000 | | |
| 6 | Rajma (150gms) | Per Plate | | | 3000 | | |
| 7 | Sel Roti | Per Pc | | | 4500 | | |
| 8 | Roti (गहुँ को) | Per Pc | | | 4000 | | |

कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाण्डौं बागमती प्रदेश, नेपाल २०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 9 | Puri | Per Pc | | | 8000 | | |
| 10 | Jerry | Per Pc | | | 7000 | | |
| 11 | Jerry,puri, tarkari (Tarkari-150 gram, Puri - 3 Pcs, Jerry - 1 Pcs) | Set | | | 4500 | | |
| 12 | Aalu Chop (50 gms) | Per Pc | | | 2500 | | |
| 13 | Chicken Fry (8 Pcs) | Per Plate | | | 2000 | | |
| 14 | Haluwa Swari (200 Gms) | Per Plate | | | 3500 | | |
| 15 | Achar (150 gms) | Per Plate | | | 4000 | | |
| 16 | Dahi (200 ML) | Per Cup | | | 3500 | | |
| 17 | Wai-Wai Soup (300 ML) | Per Plate | | | 3000 | | |
| 18 | Wai Wai packet | Per Packet | | | 4000 | | |
| 19 | Egg wai wai soup (300 ML) | Per Plate | | | 2000 | | |
| 20 | Egg wai wai fried | Per Plate | | | 2000 | | |
| 21 | Wai-Wai sandheko | Per Plate | | | 1000 | | |
| 22 | Mix wai wai soup (300 ML) | Per Plate | | | 1250 | | |
| 23 | Mix wai wai fried | Per Plate | | | 1000 | | |
| 24 | Wai-wai fried | Per Plate | | | 2000 | | |
| 25 | Masala Omlette | Per Plate | | | 1500 | | |
| 26 | Veg Momo | Per Plate | | | 3000 | | |
| 27 | Veg momo chilli momo | Per Plate | | | 2500 | | |
| 28 | Veg momo fry | Per Plate | | | 2000 | | |
| 29 | chicken chilli | Per Plate | | | 3000 | | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 30 | Chi.Momo | Per Plate | | | 3000 | | |
| 31 | Chi.jhol Momo | Per Plate | | | 1500 | | |
| 32 | Boiled Egg | Per Plate | | | 4000 | | |
| 33 | Plain Omlette Single | Per Plate | | | 4000 | | |
| 34 | Plain Omlette Double | Per Plate | | | 2000 | | |
| 35 | Bread Omlette (Bread - 2 Pcs, Egg- 1Pc) | Per Plate | | | 1500 | | |
| 36 | Bread Pakauda (Bread-2Pcs) | Per Plate | | | 2000 | | |
| 37 | veg pakauda (10 pcs) | Per Plate | | | 3000 | | |
| 38 | french fries | Per Plate | | | 1250 | | |
| 39 | Chips chilli | Per Plate | | | 1000 | | |
| 41 | Aalu sadeko | Per Plate | | | 1000 | | |
| 42 | Bhatmas Sadeko with Chiura | Per Plate | | | 1250 | | |
| 43 | Bhutan, Chiura Khaja set (Bhutan-150 gm, achar, tarkari, aalu fry, bhatmas, green salad 3 pcs, chuira 75 gm) | Per Plate Set | | | 2000 | | |
| 44 | Jwano ko jhol (200 ML) | Per Plate | | | 4000 | | |
| 45 | Daal fry (200 ML) | Per Plate | | | 2000 | | |
| 46 | Aalu paratha | Per Pc | | | 3000 | | |
| 47 | Aalu paratha with Tarkari (paratha-1 pcs & Tarkari 150 gm) | Per Plate | | | 2000 | | |
| 48 | Chicken Curry | Per Plate | | | 2000 | | |
| 49 | Veg curry | Per Plate | | | 1500 | | |
| 50 | Mutton Curry | Per Plate | | | 1000 | | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 51 | Egg biryani | Per Plate | | | 1000 | | |
| 52 | Chicken biryani | Per Plate | | | 1000 | | |
| 53 | Mutton biryani | Per Plate | | | 1000 | | |
| | **SAMOSA** | | | | | | |
| 1 | Samosa (75 gms) | Per Pc | | | 4500 | | |
| 2 | Samosa Set (Tarkari सहहत) | Set | | | 3500 | | |
| 3 | Samosa Chat | Per Plate | | | 1500 | | |
| | **Soup** | | | | | | |
| 1 | Veg. Soup (300 ML) | Per Plate | | | 3000 | | |
| 2 | Chicken Soup (300 ML) | Per Plate | | | 3000 | | |
| 3 | Mushroom Soup (300 ML) | Per Plate | | | 2500 | | |
| 4 | Daal Soup (300 ML) | Per Plate | | | 3000 | | |
| 5 | Mix soup (300 ML) | Per Plate | | | 2500 | | |
| | **KHANA SET** | | | | | | |
| 1 | Sadha Khana (Roti 6 Pcs, Daal & Tarkari) | **Set** | | | 1500 | | |
| 2 | Veg .Khana (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar & Salad) | **Set** | | | 3500 | | |
| 3 | Chicken Khana (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & Chicken meat one plate) | **Set** | | | 3000 | | |
| 4 | Mutton khana (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & Mutton one | **Set** | | | 2000 | | |

गोकर्णेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | plate) | | | | | | |
| 5 | Fish Khana (Full) (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & Fish one plate) | **Set** | | | 2000 | | |
| | Egg curry khana (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & Egg (1 pc egg) curry one plate) | **Set** | | | 2000 | | |
| | **Khaja Set** | | | | | | |
| 1 | Veg.khaja set (Atleast 5 or more than 5 Items in the Set) | Set | | | 3000 | | |
| 2 | Chi.khaja set (Atleast 5 or more than 5 Items in the Set) | Set | | | 3000 | | |
| | **PATIENT'S MENU** | | | | | | |
| 1 | Sada khana (Jira Masino Rice, Daal, Tarkari 2 wata) | Per Plate | | | 2000 | | |
| 2 | Chi.Khana (Jira Masino Rice, Daal, Tarkari 2 wata & One Plate Chicken meat) | Per Plate | | | 1500 | | |
| 3 | Roti (गहुँको-100 gms) | Per Plate | | | 2500 | | |
| | **Beverage Menu Rate** | | | | | | |
| 1 | Milk Tea | Per Cup | | | 4000 | | |
| 2 | Milk Coffee | Per Cup | | | 2000 | | |
| 3 | Black Coffee | Per Cup | | | 2500 | | |
| 4 | Black Tea | Per Cup | | | 1500 | | |
| 5 | Lemon Tea | Per Cup | | | 2500 | | |
| 6 | Milk (200 ML) | Per Cup | | | 3000 | | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 7 | Hot Lemon with Honey & Ginger) | Per Cup | | | 1000 | | |
| 8 | काडा पानी (मिश्री र िररच सहहत) | Per Cup | | | 1500 | | |
| 7 | Mineral Water | Per Bottle | | | 9000 | | |
| 8 | Rio/Frooti | Per Bottle | | | 3500 | | |
| 9 | Coke/Sprite/Fanta/Dew/Slice | Per Bottle | | | 2500 | | |
| | **Chopsuey** | | | | | | |
| 1 | Veg Chopsuey | Per Plate | | | 100 | | |
| 2 | American chopsuey | Per Plate | | | 100 | | |
| 3 | Chinese chopsuey | Per Plate | | | 100 | | |
| | **Fruit & Juice** | | | | | | |
| 1 | Mix Fruit (Medium Size, Seasonal Fruits at least 3 types) | Per Plate | | | 2500 | | |
| 1 | Normal Watermelon juice (250 ML) | Per Bottle | | | 2500 | | |
| 2 | Normal apple juice (250 ML) | Per Bottle | | | 1500 | | |
| 3 | Apple juice (Fuji or equivalent) (250 ML) | Per Bottle | | | 1000 | | |
| 4 | Mix juice (Medium Size) | Per Bottle | | | 2000 | | |
| | **Sandwich** | | | | | | |
| 1 | Veg sandwich | Per Pc | | | 1500 | | |
| 2 | Egg sandwich | Per Pc | | | 1000 | | |
| 3 | Cheese Sandwich | Per Pc | | | 500 | | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 4 | Chicken sandwich | Per Pc | | | 1200 | | |
| | **Burger** | | | | | | |
| 1 | Veg Burger (80 gms) | Per Pc | | | 1000 | | |
| 2 | Egg Burger (80 gms) | Per Pc | | | 1500 | | |
| 4 | Chicken Burger (80 gms) | Per Pc | | | 1500 | | |
| | **Chow Mein** | | | | | | |
| **1** | Veg Chow Mein | Per Plate | | | 4500 | | |
| **2** | Egg Chow Mein | Per Plate | | | 3500 | | |
| **3** | Chicken Chow Mein | Per Plate | | | 2500 | | |
| **4** | Veg Thukpa (250 gms) | Per Plate | | | 2500 | | |
| | **Spring Roll** | | | | | | |
| **1** | Veg Spring Roll | Per Roll | | | 1000 | | |
| **2** | Chicken Spring Roll | Per Roll | | | 1500 | | |
| **3** | Chicken Sausage | Per Pc | | | 1500 | | |

अक्षेरुपी रु.-

बोलपत्र दाताको नाम-

ठेगाना-

फोन नं-

ईमेल आईडी-

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

**चमेनागृह संचालन मासिक भाडादर (निश्चित गरिएको)**

| क्र.स | विवरण | अंकमा | अक्षरमा | कैफियत |
|---|---|---|---|---|
| १ | चमेनागृह मासिक भाडा | ३३,१००।- | अक्षेरेपी तेत्तीस हजार एक सय रुपैंया मात्र | |

नोटः प्रत्येक दुई वर्षमा अघिल्लो वर्षको भाडादरलाई आधार मानी १० प्रतिशतका दरले चमेनागृह भाडादर वृद्धि हुनेछ। चमेनागृहको भाडादरमा कुनै प्रतिस्पर्धा हुने छैन र चमेनागृहको भाडादरलाई आधार मानि मूल्याङ्कन गरिनेछैन।



## बोलपत्र मूल्याङ्कनका आधारहरुः

१. संस्था/कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी।

२. मूल्य परिमाणको इकाई दररेट भरी पेश गरेको कागजातहरु।

३. बोलपत्रमा हस्ताक्षर गर्ने आधिकारीक व्यक्तिको अख्तियारीनामा र निजको हस्ताक्षर नमुनाको अधिकारिक पत्र।

४. संस्था/कम्पनी/फर्मको आयकर दर्ताको स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको प्रमाणपत्र।

५. आर्थिक वर्ष २०८०/८१ को कर चुक्ता प्रमाण पत्र

६. बोलपत्रदाता कम्पनी वा संचालक तथा प्रमुख वा व्यवस्थापकहरु कहिँ कतै कुनै कारणले कालो सूचिमा नपरेको स्व घोषणा पत्र।

७. बोलपत्रदाताले प्रतिनिधी तोकेको भए सोको अख्तियारनामाको प्रतिलिपी पत्र।

८. कम्तीमा दुई जना कामदारको मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ (छ) महिनाको कुक र वेटरको तालिम प्राप्त गरेको प्रमाणपत्र।

९. कम्तिमा तीन वर्ष चमेना गृह संचालन गरेको अनुभवको प्रमाणपत्र पेश गर्नुपर्नेछ। सरकारी अस्पताल, सरकारी क्याप्पस/कलेज तथा अन्य सार्वजनिक संघ संस्थामा संचालन गरेको चमेना गृहको अनुभवपत्रलाई मात्र मान्यता दिइनेछ।

१०.एक आर्थिक वर्षमा कम्तिमा कुल कारोबार बाह्र लाख भन्दा माथिको हुनु पर्नेछ र सोको पुष्ट्याइ गर्ने कागजातको रुपमा लेखा परीक्षण गरेको प्रतिवेदन पेश गर्नुपर्नेछ।

११.बोलपत्र फाराम दस्तुर र बोलपत्र जमानत-बिडबण्ड

१२.मूल्याङ्कन गर्दा संस्था/कम्पनी/फर्मले प्रस्ताव गरेको खाना, खाजा तथा अन्य खाद्य परिकारहरुको प्रस्ताव मूल्यमध्ये न्यूनतम कबोलको आधारमा गरिनेछ। चमेनागृहको भाडादर निश्चित हुनेछ र त्यसलाई मूल्याङ्कनको आधार मानिनेछैन।


१३.अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम मूल्याङ्कन गरिनेछ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

<u>क्यान्टिन संचालन सम्बन्धी थप जानकारी</u>

क. नगरअस्पताल ले उपलब्ध गराउने-

१. क्यान्टिन संचालन गर्ने स्थान-कागेश्वरी मनोहरा नगर अस्पतालको फार्मेसी विल्डिङको पहिलो तल्ला




AREA OF CANTEEN= 662.00 SQ. FT.

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

२. पानी

- मिटरमा उठेको शुल्क क्यान्टिन संचालकले तिर्नुपर्नेछ।

३. बिजुली

- बिधुत महशुल मिटरमा उठेको अंक बराबर रकम क्यान्टिन संचालकले तिर्नुपर्नेछ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

ख. क्यान्टिन संचालन गर्ने फर्म/संस्था/ब्यात्तीले पालना गर्ने-

१. मासिक भाडादर रु.३३,१००।०० (अक्षेरुपी-तेत्तीस हजार एक सय रुपैंया) रकम सम्झौतापत्रमा उल्लेख भई अग्रीम रुपमा प्रत्येक महिनाको मशान्त अगावै भुक्तानी गर्नुपर्ने।

२. चमेनागृह संचालनको लागी आबश्यक ठाँउ डेकोरेशन, फर्निसिङ्ग तथा किचन ब्यबस्थापन आँफै गर्नुपर्ने।

३. खाद्य गुणस्तर(Label) कायम गर्नुपर्ने।

४. छनौट भएको बोलपत्र दताले सम्झौता गर्न आउँदा धरौटी रकम वापत ५ (पाँच) महिनामा हुने भाडा बराबरको रकम रु.१,६५,५००।०० (अक्षेरुपी-एक लाख पैंसठ्ठी हजार पाँच सय रुपैंया मात्र) यस कार्यालयको एन.आइ.सि. एसिया बैंक, थली शाखामा रहेको धरौटी खाता नं. १८CA०५११२७३५२४०१ (Kageshwori Manohara Nagarpalika Dharauti Khata) मा जम्मा गर्नुपर्ने। धरौटी रकम सम्झौता अवधी समापन भएपश्चात फुकुवा गरिनेछ। चमेनागृह सञ्चालनको वखत अनुगमन समितिले अनुगमन गर्दा चमेनागृह सञ्चालनकर्ताले कुनै वेमनासिव कार्य गरेको प्रमाणीत भएमा सो धरौटी रकम जफत गरी सम्झौताको अन्त्य गरिनेछ।

५. गुणस्तरिय सेवा उपलब्ध गराउनुपर्ने।

६. स्वस्थ र गुणस्तरिय खाना खुवाउनुपर्ने।

७. चमेनागृह र चमेनागृहले ओगट्ने सम्पर्ण स्थान को पुर्ण सरसफाई कायम गर्नुपर्ने तथा सफाई शुल्क तिर्नुपर्ने।

८. बिधुत तथा पानी महशुल मिटरमा उठेअनुसार मासिक रुपमा भुक्तानी गर्नुपर्ने।

९. आबश्यक योग्य कामदार ब्यबस्थापन गर्नुपर्ने।

१०. सम्झौताका शर्तबमोजिमका सबै कुरा पालना गर्नुपर्ने।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

# कार्यालयबाट तयार आधिकारीक मूल्यपत्र

| S.N | ITEMS | Unit | Rate | Total QTY (Annual) | Remarks |
|---|---|---|---|---|---|
| | **खाना/खाजा र अन्य खानेकुराहरु** | | | Patient, Patient Members & Relative, Staff, Doctor & Health Workers (Per day 300 to 400 Persons approximately) | |
| 1 | Jhaulo (200 ML) | Per Plate | 30 | 5000 | |
| 2 | Jhol Trakari (150gms) | Per Plate | 30 | 6000 | |
| 3 | Aalu fry (150gms) | Per Plate | 30 | 5000 | |
| 4 | Chana Fry(150gms) | Per Plate | 40 | 8000 | |
| 5 | Kerau Fry (150gms) | Per Plate | 30 | 5000 | |
| 6 | Rajma (150gms) | Per Plate | 30 | 3000 | |
| 7 | Sel Roti | Per Pc | 20 | 4500 | |
| 8 | Roti (गहुँको) | Per Pc | 15 | 4000 | |
| 9 | Puri | Per Pc | 10 | 8000 | |
| 10 | Jerry | Per Pc | 20 | 7000 | |
| 11 | Jerry,puri, tarkari (Tarkari-150 gram, Puri - 3 Pcs, Jerry - 1 Pcs) | Set | 60 | 4500 | |
| 12 | Aalu Chop (50 gms) | Per Pc | 20 | 2500 | |
| 13 | Chicken Fry (8 Pcs) | Per Plate | 150 | 2000 | |
| 14 | Haluwa Swari (200 Gms) | Per Plate | 40 | 3500 | |
| 15 | Achar (150 gms) | Per Plate | 20 | 4000 | |
| 16 | Dahi (200 ML) | Per Cup | 40 | 3500 | |
| 17 | Wai-Wai Soup (300 ML) | Per Plate | 35 | 3000 | |
| 18 | Wai Wai packet | Per Packet | 25 | 4000 | |
| 19 | Egg wai wai soup (300 ML) | Per Plate | 60 | 2000 | |
| 20 | Egg wai wai fried | Per Plate | 70 | 2000 | |
| 21 | Wai-Wai sandheko | Per Plate | 40 | 1000 | |
| 22 | Mix wai wai soup (300 ML) | Per Plate | 100 | 1250 | |
| 23 | Mix wai wai fried | Per Plate | 110 | 1000 | |
| 24 | Wai-wai fried | Per Plate | 40 | 2000 | |
| 25 | Masala Omlette | Per Plate | 35 | 1500 | |
| 26 | Veg Momo | Per Plate | 80 | 3000 | |
| 27 | Veg momo chilli momo | Per Plate | 120 | 2500 | |
| 28 | Veg momo fry | Per Plate | 130 | 2000 | |
| 29 | chicken chilli | Per Plate | 150 | 3000 | |
| 30 | Chi.Momo | Per Plate | 120 | 3000 | |
| 31 | Chi.jhol Momo | Per Plate | 140 | 1500 | |
| 32 | Egg Boil | Per Plate | 25 | 4000 | |
| 33 | Plain Omlette Single | Per Plate | 30 | 4000 | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| 34 | Plain Omlette Double | Per Plate | 50 | 2000 | |
| 35 | Bread Omlette (Bread - 2 Pcs, Egg- 1Pc) | Per Plate | 45 | 1500 | |
| 36 | Bread Pakauda (Bread-2Pcs) | Per Plate | 30 | 2000 | |
| 37 | veg pakauda (10 pcs) | Per Plate | 70 | 3000 | |
| 38 | french fries | Per Plate | 90 | 1250 | |
| 39 | Chips chilli | Per Plate | 110 | 1000 | |
| 41 | Aalu sadeko | Per Plate | 70 | 1000 | |
| 42 | Bhatmas Sadeko with Chiura | Per Plate | 50 | 1250 | |
| 43 | Bhutan, Chiura Khaja set (Bhutan-150 gm, achar, tarkari, aalu fry, bhatmas, green salad 3 pcs, chuira 75 gm) | Per Plate Set | 200 | 2000 | |
| 44 | Jwano ko jhol (200 ML) | Per Plate | 30 | 4000 | |
| 45 | Daal fry (200 ML) | Per Plate | 80 | 2000 | |
| 46 | Aalu paratha | Per Pc | 40 | 3000 | |
| 47 | Aalu paratha with Tarkari (paratha-1 pcs & Tarkari 150 gm) | Per Plate | 70 | 2000 | |
| 48 | Chicken Curry | Per Plate | 150 | 2000 | |
| 49 | Veg curry | Per Plate | 100 | 1500 | |
| 50 | Mutton Curry | Per Plate | 250 | 1000 | |
| 51 | Egg biryani | Per Plate | 200 | 1000 | |
| 52 | Chicken biryani | Per Plate | 250 | 1000 | |
| 53 | Mutton biryani | Per Plate | 350 | 1000 | |
| | SAMOSA | | | | |
| 1 | Samosa (75 gms) | Per Pc | 20 | 4500 | |
| 2 | Samosa Set (Tarkari सहित) | Set | 50 | 3500 | |
| 3 | Samosa Chat | Per Plate | 80 | 1500 | |
| | Soup | | | | |
| 1 | Veg. Soup (300 ML) | Per Plate | 50 | 3000 | |
| 2 | Chicken Soup (300 ML) | Per Plate | 70 | 3000 | |
| 3 | Mushroom Soup (300 ML) | Per Plate | 60 | 2500 | |
| 4 | Daal Soup (300 ML) | Per Plate | 55 | 3000 | |
| 5 | Mix soup (300 ML) | Per Plate | 75 | 2500 | |
| | KHANA SET | | | | |
| 1 | Sadha Khana (Roti 6 Pcs, Daal & Tarkari) | Set | 100 | 1500 | |
| 2 | Veg .Khana (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar & Salad) | Set | 100 | 3500 | |
| 3 | Chicken Khana (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & chicken meat one plate) | Set | 175 | 3000 | |
| | Mutton khana (Full) (Jira Masino | | | 2000 | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| 4 | Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & mutton one plate) | Set | 225 | | |
| 5 | Fish Khana (Full) (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & Fish one plate) | Set | 200 | 2000 | |
| 6 | Egg curry khana (Full) (Jira Masino Rice, Daal, Seasonal Vegetable 2 wata, Achar, salad & Egg (1 pc egg) curry one plate) | Set | 150 | 2000 | |
| | Khaja Set | | | | |
| 1 | Veg.khaja set (Atleast 5 or more than 5 Items in the Set) | Set | 100 | 3000 | |
| 2 | Chi.khaja set (Atleast 5 or more than 5 Items in the Set) | Set | 150 | 3000 | |
| | PATIENT'S MENU | | | | |
| 1 | Sada khana (Jira Masino Rice, Daal, Tarkari 2 wata) | Per Plate | 90 | 2000 | |
| 2 | Chi.Khana (Jira Masino Rice, Daal, Tarkari 2 wata & One Plate Chicken meat) | Per Plate | 120 | 1500 | |
| 3 | Roti (गहुँ को-100 gms) | Per Plate | 10 | 2500 | |
| | Beverage Menu Rate | | | | |
| 1 | Milk Tea | Per Cup | 20 | 4000 | |
| 2 | Milk Coffee | Per Cup | 50 | 2000 | |
| 3 | Black Coffee | Per Cup | 30 | 2500 | |
| 4 | Black Tea | Per Cup | 15 | 1500 | |
| 5 | Lemon Tea | Per Cup | 15 | 2500 | |
| 6 | Milk (200 ML) | Per Cup | 30 | 3000 | |
| 7 | Hot Lemon with Honey & Ginger) | Per Cup | 30 | 1000 | |
| 8 | काडा पानी (मिश्री र िररच सहहत) | Per Cup | 30 | 1500 | |
| 7 | Mineral Water | Per Bottle | 20 | 9000 | |
| 8 | Rio/Fruity | Per Bottle | 30 | 3500 | |
| 9 | Coke/Sprite/Fanta/Dew/Slice | Per Bottle | 40 | 2500 | |
| | Chopsuey | | | | |
| 1 | Veg Chopsuey | Per Plate | 150 | 100 | |
| 2 | American chopsuey | Per Plate | 180 | 100 | |
| 3 | Chinese chopsuey | Per Plate | 200 | 100 | |
| | Fruit & Juice | | | | |
| 1 | Mix Fruit (Medium Size, Seasonal Fruits at least 3 types) | Per Plate | 150 | 2500 | |
| 2 | Normal Watermelon juice (250 ML) | Per Bottle | 100 | 2500 | |
| 3 | Normal apple juice (250 ML) | Per Bottle | 160 | 1500 | |
| 4 | Apple juice (Fuji or equivalent) | Per Bottle | 250 | 1000 | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | (250 ML) | | | | |
| 5 | Mix juice (Medium Size) | Per Bottle | 150 | 2000 | |
| | Sandwich | | | | |
| 1 | Veg sandwich | Per Pc | 100 | 1500 | |
| 2 | Egg sandwich | Per Pc | 120 | 1000 | |
| 3 | Cheese Sandwich | Per Pc | 120 | 500 | |
| 4 | Chicken sandwich | Per Pc | 130 | 1200 | |
| | Burger | | | | |
| 1 | Veg Burger (80 gms) | Per Pc | 100 | 1000 | |
| 2 | Egg Burger (80 gms) | Per Pc | 120 | 1500 | |
| 4 | Chicken Burger (80 gms) | Per Pc | 150 | 1500 | |
| | Chow Mein | | | | |
| 1 | Veg Chow Mein | Per Plate | 30 | 4500 | |
| 2 | Egg Chow Mein | Per Plate | 80 | 3500 | |
| 3 | Chicken Chow Mein | Per Plate | 120 | 2500 | |
| 4 | Veg Thukpa (250 gms) | Per Plate | 80 | 2500 | |
| | Spring Roll | | | | |
| 1 | Veg Spring Roll | Per Roll | 40 | 1000 | |
| 2 | Chicken Spring Roll | Per Roll | 80 | 1500 | |
| 3 | Chicken Sausage | Per Pc | 50 | 1500 | |

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाण्डौं
बागमती प्रदेश, नेपाल
२०७३